साकोसमा वित्तीय सुशासन

बल्लभ तिमल्सिना
९८४१३२०७८५
नेफ्स्कून

नाम, पद:
अनुभव वर्ष:
सहकारी:
कुल सम्पत्ती:
कुल सदस्य:

विषयसुची

- साकोसमा वित्तीय सुशासनको परिचय एवम् अवधारण
- सहकारीमा सम्पत्ती दायित्व व्यवस्थापन मार्फत वित्तिय सुशासन र जोखिम न्यूनिकरण
- छलफल, प्रश्नोत्तर र समापन

वित्तीय सुशासन

वित्तीय सुशासन भनेको सहकारी संस्थाको वित्तीय व्यवस्थापन, नियमन, तथा निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता, र सदस्य केन्द्रीयताको सुनिश्चितता हो ।

Ethical management of Members' Money

वित्तीय सुशासन

वित्तीय सुशासनका माध्यमबाट वित्तीय स्थिरता र कोषहरुको परिचालन गर्दा नीतिलाई विशेष केन्द्रमा राखेको हुन्छ ।

पारदर्शिता

सदस्यहरूलाई वित्तीय गतिविधिहरूको जानकारी उपलब्ध गराउने ।
आर्थिक प्रतिवेदनहरू नियमित रूपमा सार्वजनिक गर्ने ।

जवाफदेहिता
निर्णयहरूको परिणामको जिम्मेवारी लिने ।
सदस्यहरूको फिडब्याकलाई ध्यानमा राख्ने ।

सदस्य केन्द्रीयता
निर्णयहरू सदस्यहरूको हितमा केन्द्रित राख्ने ।

जोखिम व्यवस्थापन:
सम्भावित वित्तीय जोखिमहरूको पहिचान र न्यूनीकरणको उपायहरू अपनाउने ।

सहकारीमा सम्पत्ती दायित्व व्यवस्थापन मार्फत वित्तिय सुशासन र जोखिम न्यूनिकरण

वित्तीय कारोबारमा संलग्न सहकारीहरुमा हुने विभिन्न प्रकारका जोखिमहरु मध्ये वित्तीय जोखिमलाई महत्वका साथ व्यवस्थापन गर्नुपर्ने क्षेत्र हो ।

समय सीमामै दायित्व तिर्न नसक्दा संस्थामा पर्न सक्ने घाटाको जोखिम कम गर्न सम्पत्ति र नगद प्रवाहको उचित व्यवस्थापन गर्नका लागि वित्तीय सुशासन जरुरी छ

सम्पत्ति दायित्व व्यवस्थापन भन्नाले पर्याप्त पूँजी, स्थिर आम्दानी, पर्याप्त तरलता, र ब्याजदर जोखिम व्यवस्थापन मार्फत सहकारीलाइ आर्थिक रूपमा सक्षम राख्न सुनिश्चित गर्ने प्रक्रिया हो ।

सम्पत्ति दायित्व व्यवस्थापन

- बजार जोखिम, व्याजदर जोखिम, तरलता जोखिमहरुको व्यवस्थापन गर्ने फ्रेमवर्क हो ।
- वासलातको बनावटको व्यवस्थापन गर्ने प्रक्रिया हो

सम्पत्ति दायित्व व्यवस्थापनले

- आयको ग्याप
- समयावधिको ग्याप
- व्याजदरको ग्याप आदिको

गणना गरेर जोखिम व्यवस्थापन गर्छ ।

सम्पत्ति दायित्व व्यवस्थापन किन?

१. दायित्वको समयसीमा र सम्पत्तिको समयसीमालाई मिलाएर वित्तीय स्थिरता कायम गर्न
२. फिर्ता गर्नुपर्ने दायित्वहरुको उचित व्यवस्थापन गर्न,
३. वित्तीय जोखिम न्युन गर्न,
४. तरलता जोखिम कम गर्न
५. संस्थागत छविको जोखिम कम गर्न

वासलात

पुंजी तथा दायित्व	२१ असार २०७७
शेयर पुंजी	१२४,३४४,३००
जगेडा कोष	३६,७४४,२४१
पेशानिक तथा अन्य कोषहरु	२४,११२,९३१
बचत तथा निक्षेप दायित्व	४००,०१२,६७३
बाह्य ऋण तथा सापटी	-
पुंजीगत अनुदान	-
चालु दायित्व तथा व्यवस्था	२६,३०३,४७०
ऋण नोक्सानी व्यवस्था	७,३४०,७१२
अन्य विघंकालिन दायित्व	२,६६८,१४६
आयकर दायित्व	३,१३८,२८९
स्थगन कर दायित्व	-
जम्मा	७२९,७४८,६४९
सम्पत्ति	२१ असार २०७७
नगद मौज्दात	१०७,४३४
बैंक मौज्दात	११४,२२९,११९
लगानी	४२,३३०,४००
ऋण तथा सापट लगानी	४,२६,९३४,७४०
चालु सम्पत्ति	१४,३२४,०४१
स्थिर सम्पत्ति	२२,७४७,९६६
गैर बैंकिंग सम्पत्ती	-
अन्य विघंकालिन सम्पत्ति	-
स्थगन कर सम्पत्ति	३६४,४३९
जम्मा	७२९,७४८,६४९

वासलात

पुँजी र दायित्व	सम्पत्तिमा प्रयोग
शेयर	तरलता र वित्तीय लगानी
कोषहरु	स्थिर सम्पत्ति र तरलता
बचत/निक्षेप	ऋण लगानी
विविध दायित्वहरु	तरलता वा ऋण

वासलात

पुँजी र दायित्व	परिपक्व हुने अवधि (वर्ष)	सम्पत्तिमा प्रयोग	परिपक्व हुने अवधि (वर्ष)	Matched or Unmatched
शेयर	छैन	तरलता र वित्तीय लगानी	छैन	M
कोषहरु	छैन	स्थिर सम्पत्ति र तरलता	छैन	M
बचत/निक्षेप	**औषतमा २ वर्ष**	**ऋण लगानी**	**औषतमा ६ वर्ष**	U
विविध दायित्वहरु	१ महिना देखि १ वर्ष	तरलता वा ऋण	१ महिना देखि १ वर्ष	M

सम्पत्ति कभरेज अनुपातः

संस्थाले आफ्नो सबै सम्पत्ति विक्रि गरेर आफ्नो सबै दायित्व भुक्तान गर्न सक्ने सक्षमता

Formula

Assets Coverage Ratio = Tangible assets/Total debt

Assets Coverage Ratio = Net assets/Total outstanding

The Asset Coverage Ratio (ACR):

$$\textit{The Assets Coverage Ratio} = \frac{(BVTA - IA) - (CL - STDO)}{Total\ Ext\ Loan\ Outstanding + Members'\ Savings + Shares}$$

where:

BVTA = book value of total assets (Total Balance Sheet figure should be used)

IA=intangible assets

CL=current liabilities

STDO = short term debt obligations

Goal = 100% or + (For Cooperative)

or vary by industry

Example
Total Book Value of Assets = 2000000.00
Intangible Assets = 10000
Current Liabilities = 125000.00
STDO = 5400
External Loan at NEFSCUN= 350000.00
Savings+Shares = 1450000.00

Calculate ACR

Example
Total Book Value of Assets = 2200000.00
Intangible Assets = 10000
Current Liabilities = 425000.00
STDO = 354000
External Loan at NEFSCUN= 1350000.00
Savings+Shares = 1450000.00

Calculate ACR

तरलता कभरेज अनुपात (Liquidity Coverage Ratio-LCR):

संस्थासँग भएको नगद वा नगदमा सजिलै (१ दिनभित्रै) परिवर्तन गर्न सकिने सम्पत्ति जसमा संस्थाले ३० दिनभित्रको सबै दायित्व भुक्तान गर्न सक्ने सक्षमता प्रदर्शन गर्छ

Formula
Liquidity Coverage Ratio = Liquid Assets /Estimated Cash Outflows (within 30 days)
(stress testing liquidity)

Goal : 100%

तरलता कभरेज अनुपात (Liquidity Coverage Ratio-LCR):

संस्थासँग भएको नगद वा नगदमा सजिलै (१ दिनभित्रै) परिवर्तन गर्न सकिने सम्पत्ति जसमा संस्थाले ३० दिनभित्रको सबै दायित्व भुक्तान गर्न सक्ने सक्षमता प्रदर्शन गर्छ

Formula

Liquidity Coverage Ratio = High Quality Liquid Assets (HQLA) /Estimated Cash Outflows (within 30 days)

HQLA = Assets that can be easily converted into cash within a day

Goal : 100%

सम्पत्ति दायित्व व्यवस्थापन नीति

१ तरलता हरहमेशा कम्तिमा १५%

२. संस्थाको नीति अनुसार संघहरुको वा सहकारी बैंकहरुको शेयर खरिद गर्न, मुद्धती खाता तथा राष्ट्र बैंकका औजारहरुमा लगानी गरिनेछ।

३. संस्थाद्धारा परिचालन हुन नसकेको निक्षेप (Idle Deposit) लाई केन्द्रीय वा जिल्ला संघहरु वा सहकारी बैंक तथा अन्य वित्तीय संस्थाहरुको मुद्धती निक्षेपमा लगानी गर्ने अख्तियारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ।

सम्पत्ति दायित्व व्यवस्थापन नीति...

४ संस्थामा कथंकदाचित तरलताको संकुचन हुने अवस्था भएमा अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण सापटी लिन, संस्थाले मुद्धती निक्षेप लगानी गरेको रकमको आधारमा ऋण लिन वा अन्य सम्पत्ति बिक्री गरी तरलता कायम गरिनेछ।

५. संस्थाले मुख्यतया सदस्यबाट संकलित निक्षेपलाई सुरक्षित रुपमा ऋण प्रवाहको रुपमा लगानी गर्नेछ।

६. सस्तोदरमा उपलब्ध हुने दीर्घकालिन निक्षेप तथा धेरै सदस्यलाई आवद्ध गराई निक्षेप संकलन गर्न प्रोत्साहन गरी दायित्व व्यवस्थापन गर्न प्रयास गरिनेछ।

सम्पत्ति दायित्व व्यवस्थापन नीति...

७ संस्थाले ऋण नीति अनुरुप सदस्यलाई प्रदान गरेको ऋण तथा क्षेत्रगत ऋण केन्द्रीकृत छ छैन हेरी सो सम्बन्धी समय-समयमा समितिले पुनरावलोकन गर्नेछ ।

८. संस्थाद्वारा प्रवाहित ऋणको भुक्तानी तालिका अनुसार साँवा, व्याज असूल गरिनेछ । साथै ऋण नीति अनुसार समयमा असुल नभएका ऋणहरु असुल गर्न ताकेता गरी सकुभर छिटो असुल गर्न प्रयास गरिनेछ ।

९. संस्थाको दायित्व भुक्तानी गर्ने अवधिलाई ध्यानमा राखी श्रोतको उपयोग गर्नु पर्नेछ वा दायित्व भुक्तानीको समयमा भुक्तानी गर्ने श्रोत जुटाउनु पर्नेछ ।

सम्पत्ति दायित्व व्यवस्थापन नीति

१. १ दिन देखि ९० दिन, ९० दिन देखि १८० दिन, १८१ दिन देखि ३६५ दिन (१,३,६ र १२ महिना) र सोभन्दा माथि अवधिको निक्षेप र सोहि अवधिमा भुक्तानी गर्नुपर्ने अन्य दायित्वको विवरण दाँज्ने,

२. अन्य बैक तथा निकाय संगको बाँकी ऋण रकमको विवरण भुक्तानी मिति तथा औसत व्याज खर्चको विवरण विश्लेषण गर्ने,

३. भुक्तानीहरुको विवरणहरु : १ वर्ष देखि २ वर्ष, २ वर्ष देखि ३ वर्ष, ३ वर्ष देखि ४ वर्ष,४ वर्ष देखि ५ वर्ष, ५ वर्ष देखि माथिका सबै विवरणको विश्लेषण गर्ने,

सम्पत्ति दायित्व व्यवस्थापन नीति...

४. विभिन्न बैक तथा वित्तिय संस्थामा रहेको मुद्धति निक्षेप र सो को बाँकी समयाअवधि गणना गर्ने,

५. बैक तथा वित्तीय संस्थामा रहेको ऐच्छिक खाताहरुको विवरण अद्यावधिक गर्ने,

६. १ महिनाभित्र अवधि पुग्न लागेका आवधिक बचतहरुको वास्तविक स्थिती

७. सहकारीले राखेको मुद्दती खाता र अवधिको बारेमा पर्याप्त जानकारी

ऋण विश्लेषण मार्फत सुशासन कायम गर्दा विश्लेषण गर्नुपर्ने क्षेत्रः

- मासिक रुपमा संभावित लगानी हुन सक्ने क्षेत्रहरु र संभावित असुली विवरणहरु ।
- हरेक महिना रु.१० लाख माथिका बाँकी ऋणहरुको विवरण ।
- हरेक महिनाको अन्तमा कोष तथा गैर कोषमा आधारित ऋण सहकारीको एकल ऋण सिमाको ९०% वा सो भन्दा माथि बाँकी ऋणहरुको विवरण ।

ऋण विश्लेषण मार्फत सुशासन कायम गर्दा विश्लेषण गर्नुपर्ने क्षेत्रः

- १, ३, ६ र १२ महिना भित्र भुक्तानी म्याद सकिने ऋणका विवरणहरु ।
- १ दिनदेखि ३० दिन, ३१ देखि ३६५ दिन र ३६५ दिनभन्दा माथि भाखा नाघेको ऋणहरुको विवरण ।
- नविकरण गरिएका ऋणहरुको विवरण भाखा नाघी कानूनी कारवाहीमा परेका ऋणीहरुको विवरण

सम्पत्ति व्यवस्थापनमा सुशासन

१. नगद

- नगद सकेसम्म कम राख्नुपर्छ,
- नगद व्यवस्थापनका लागि नगद व्यवस्थापन कार्यविधि बनाउनुपर्छ र सोही बमोजिम कार्यान्वयन गर्नुपर्छ,
- याद राख्नुहोस्, नगद भनेको नकमाउने सम्पत्ति हो

सम्पत्ति व्यवस्थापनमा सुशासन
२. बैंक मौज्दात

- सुरक्षित रुपमा बढि व्याज आर्जन गर्ने गरी बैंक मौज्दात राख्नुपर्छ,
- बैंकमा जम्मा गर्ने र झिक्ने विधि स्पष्ट हुनुपर्छ,
- मासिक रुपमा बैंक रिकन्सिलेसन प्रमाणित गराएर राख्नुपर्छ,

सम्पत्ति व्यवस्थापनमा सुशासन
३. वित्तीय लगानी

- आफू आबद्ध संघहरुको मात्रै सेयर खरिद गर्नुपर्छ
- नियमित बचत गर्नुपर्छ,
- सकेसम्म आवधिक बचतलाई प्राथमिकता दिनु हुँदैन,
- कुल सम्पत्तिमा २ प्रतिशतको हाराहारीमा वित्तीय लगानी गर्न सकिन्छ

सम्पत्ति व्यवस्थापनमा सुशासन
४. ऋण लगानी

- माथि चर्चा भैसकेको छ।

सम्पत्ति व्यवस्थापनमा सुशासन
५. पाउनुपर्ने र पेश्की हिसाब

- पाउनुपर्ने हिसाबले नकमाउने भएकोले सकेसम्म कम हुनुपर्छ ।
- विना कारण कसैलाई कुनैपनि हालतमा पेश्की उपलब्ध गराउनु हुँदैन ।
- सम्भव भएसम्म कनिष्ठ कर्मचारीले मात्रै पेश्की लिने व्यवस्था गर्नुपर्छ ।
- काम सम्पन्न भएपछि अधिकतम १५ दिनभित्र पेश्की फर्छ्यौट गर्नुपर्छ ।
- पेश्की फर्छ्यौट नभएमा ऋणको अधिकतम व्याज लगाई जरिवाना लिनुपर्छ

पुँजी तथा दायित्व व्यवस्थापनमा सुशासन
१. शेयर पुँजी र कोषहरु

- शेयरको एक कित्ताको रु.१००।०० कायम गर्नुपर्छ ।
- एक व्यक्तिमा धेरै शेयर हुनु राम्रो होइन । (२० प्रतिशत बढिमा)
- औषत शेयर रकम कम्तिमा ३३ प्रतिशत सदस्यमा हुनुपर्छ ।
- शेयरमा प्रिमियम वा अन्य कुनै रकम जोडेर लिन पाईँदैन ।
- खर्च हुने र नहुने कोषको उचित व्यवस्थापन गर्नुपर्छ ।

पुँजी तथा दायित्व व्यवस्थापनमा सुशासन
२. बचत निक्षेप

- प्राथमिक पुँजी (शेयर र संस्थागत पुँजी) को १५ गुणासम्म मात्रै बचत निक्षेप स्वीकार्नुपर्छ ।
- व्याजदर निर्धारण गर्दा स्प्रेड दरको ख्याल गर्नुपर्छ ।
- व्याजदर निर्धारण बजारले गर्दछ ।
- भनेको बेलामा जतिपनि रकम सदस्यले फिर्ता पाउन सक्नेगरी व्यवस्थापन गर्नुपर्छ ।
- व्याजको पुँजीकरण गर्नुपर्छ र सकेसम्म त्रैमासिक व्याज दिनुपर्छ ।

पुँजी तथा दायित्व व्यवस्थापनमा सुशासन
३. वाह्य ऋण

- कुल सम्पत्तिको अनुपातमा ५ प्रतिशतसम्म वाह्य ऋण
- वाह्य ऋण अनिवार्य रुपमा सदस्यमा लगानी हुनुपर्छ ।
- वाह्य ऋण लिएर स्थिर सम्पत्ति खरिद गर्नु हुँदैन ।

पुँजी तथा दायित्व व्यवस्थापनमा सुशासन
४. अवितरित नाफा

- संस्थाले आर्जन गरेको नाफाको पुर्नलगानी हुनुपर्छ ।

पुँजी तथा दायित्व व्यवस्थापनमा सुशासन
५. भुक्तानी दिन बाँकी अन्य दायित्व

- भुक्तानी दिनुपर्ने रकम समयसिमा भित्रै भुक्तानी गर्नुपर्छ ।
- जरिवाना तिर्नुपर्ने भएमा सम्वन्धित कर्मचारीले जरिवाना तिर्नुपर्छ ।

आय व्ययमा सुशासन
आम्दानी

- विनियममा तोकिएको प्रवेश शुल्कको दरमा मात्रै लिन पाइन्छ,
- व्याजदरको सिमा तोकिएको छ, त्यसलाई विचार गर्नुपर्छ
- स्प्रेडदर मासिक रुपमा विश्लेषण गर्नुपर्छ, ६ प्रतिशत माथि हुँदा जरिवाना तोकिएको छ
- हर्जाना आम्दानी सकेसम्म नहुनु राम्रो, यद्यपी नीतिगत व्यवस्था गरेर मात्रै हर्जाना लिनुपर्छ
- आम्दानी गर्नुपर्नेमा कोषमा सिधै लान पाईंदैन ।

आय व्ययमा सुशासन...
खर्च

- खर्च गर्नुपुर्व अनिवार्य बजेट तयारी हुनुपर्छ, बजेटले खर्च नियन्त्रण गर्छ,
- बजेटमा खर्चका सिमाहरु हुन्छन्, सिमा नघाउन पाईंदैन,
- आर्थिक प्रशासन कार्यविधि अद्यावधिक गरी सोही बमोजिम मात्रै खर्च गर्न पाईन्छ,
- खरिद गर्दा विशेष ख्याल गर्नुपर्छ, सिधै बजारबाट खरिद गर्ने, कोटेशन लिने (दरभाउ), सिलबन्दी दरभाउ लिने ।
- खर्च गर्दा आधिकारिक अनुमति अनिवार्य हो ।

आय व्ययमा सुशासन...
खर्च ...

- निश्चित रकमभन्दा माथि अनिवार्य पान वा भ्याट विल लिनुपर्छ,
- अग्रिम कर कट्टी गरिएकोमा अनिवार्य रुपमा निश्चित समयसिमाभित्र कर बुझाउनुपर्छ,
- खर्च गर्दा सकेसम्मको गुणस्तरलाई कायम गर्नुपर्छ,
- सञ्चालन खर्च धेरै वा बजेटभन्दा बढि हुँदा संस्थालाई घाटा लाग्छ ।

वित्तीय सुशासनको लागि कार्यविधि, बजेट, योजना र कानुनको अधिकतम पालना जरुरी हुन्छ ।

धन्यवाद